# सहकारी संस्थाहरुको सहभागितामा AML/CFT तथा goAML रिपोर्टिङ्ग सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण र goAML System मा आवद्ध भई रिपोर्टिङ्ग गर्ने सम्बन्धमा सहकारी संस्थाहरुको सहभागितामा मिति २०८० असोज ४ मा काठमाडौँमा एक दिने अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

सो कार्यक्रममा नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग, प्रदेश सहकारी विभाग, काठमाडौं/ललितपुर महानगरपालिका सहकारी विभाग, राष्ट्रिय सहकारी महासंघ लिमिटेड, राष्ट्रिय सहकारी बैंक लिमिटेड, विभिन्न विषयगत सहकारी संघका प्रतिनिधिहरु लगायत अन्य ३० भन्दा बढी सहकारी संस्थाहरुका प्रतिनिधि/कार्यान्वयन अधिकारीहरुको सहभागिता रहेको थियो ।



*कार्यक्रमपछिको सामुहिक तस्वीर*

प्रमुख अतिथि नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरेले सहकारी संस्थाहरु goAML System मा आवद्ध भई रिपोर्टिङ्ग गर्नको लागि goAML System लाई थप सरलीकरण गर्नुपर्ने विचार व्यक्त गर्दै नियामक निकायहरुलाई goAML System मा पहुँच हुनुपर्ने लगायतका बिषयमा जोड दिनुभयो । यसैगरी, कार्यक्रममा राष्ट्रिय सहकारी महासंघ लिमिटेडका अध्यक्ष मिनराज कंडेलले सहकारी संस्थाहरुबाट सम्पत्ति शुद्धीकरण हुन नदिन सबै सहकारीहरुले चनाखो भई कारोवार गर्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा इकाई प्रमुख दीर्घ बहादुर रावलले AML/CFT सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) मा उल्लेख भए अनुसार goAML System मा आवद्ध भई यस प्रणालीमा जोडिन सबै सहकारी संस्थाहरुलाई अनुरोध गर्नुभयो । साथै, उहाँले goAML System लाई थप सरलीकरण गर्न प्रयासरत रहेको व्यहोरा अवगत गराउँदै नियामक निकायहरुलाई समेत goAML System मा पहुँच दिने कार्य शुरु भइसकेको जानकारी दिनुभयो ।

इकाईका उप निर्देशक केशब प्रसाद रिमालले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको औचित्यता माथि प्रकाश पार्नु भएको थियो । कार्यक्रममा तीनवटा कार्यपत्रहरु प्रस्तुत गरिएको थियो । goAML System मा आवद्धता तथा रिपोर्टिङ्गको आवश्यकता, अवस्था, चुनौती र समाधानका उपायहरुबारे प्रथम कार्यपत्र वित्तीय जानकारी इकाईका सहायक निर्देशक कमल पौडेलले प्रस्तुत गर्नुभएको थियो भने AML/CFT सम्वन्धी सहकारी संस्थाहरुले पालना गर्नुपर्ने कानूनी तथा नियामकीय प्रावधानहरु बारे सहकारी विभागका उप-रजिष्ट्रार टोलराज उपाध्यायले दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । यसैगरी, goAML System मा आवद्ध भई रिपोर्टिङ्ग गर्ने प्रक्रियाबारे तेस्रो कार्यपत्र इकाईका सहायक (सु.प्र.) विवेश पोखरेलले प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरुले राख्नुभएका जिज्ञासाहरुलाई सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरे, वित्तीय जानकारी इकाई प्रमुख/ निर्देशक दीर्घ बहादुर रावल, उप-रजिष्ट्रार टोलराज उपाध्याय र सहायक निर्देशक कमल पौडेलले सम्बोधन गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन इकाईका सहायक निर्देशक सपना खत्रीले गर्नु भएको थियो ।